नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

(प्रशासन तथा प्रेस शाखा)

प.सं. : २०७७/७८ मिति २०७७/०४/२८

च.नं.:- ९०३

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सूचना तथा प्रसारण विभाग २०७५

# सूचना ।

विषय: सेवा प्रवाह स्थगित गरिएको सम्बन्धमा ।

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७७ साउन २६ गते सोमबारको निर्णय अनुसार विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन विभाग क्रियाशिल रहेको छ । पत्रकारहरुको नयाँ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी/नवीकरण, अनलाइन सञ्चारमाध्यमतर्फ नयाँ/पुन: दर्ता/नवीकरण र प्रसारण तर्फको सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति स्वयम् विभागमा उपस्थित हुनुपर्ने कानूनी व्यवस्था भएकाले विभागको उपरोक्त सेवा अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न तत्काल सम्भव नहुने अवस्थाका बारे यहाँहरुलाई विदितै छ ।

कोभिड-१९ को बढ्दो सम्भावित संक्रमणबाट जोगाउनको निमित्त नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ साउन २६ गते सोमबारको निर्णय अनुसार नेपाल सरकारको अर्को निर्णय नभएसम्मका लागि हाललाई उपरोक्त सेवा प्रवाह स्थगित गरिएको छ । यसरी सेवा प्रवाह स्थगित गर्दा सेवाग्राहीमा पर्न गएको असुविधाप्रति विभाग क्षमाप्राथी छ ।

पुनश्च: श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१ को दफा २४ बमोजिम श्रमजीवी पत्रकारले प्रेस रजिष्ट्रार समक्ष दिने उजूरी र सो सम्बन्धी कार्य निरन्तर हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

४।२८

वसन्त बहादुर खत्री

शाखा अधिकृत

**बोधार्थ**

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं ।

श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, काठमाडौं ।

श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं ।

श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम, काठमाडौं ।